# डुडुवा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बनकट्टी, बाँके

Website: - duduwamun.gov.np
Email: - duduwagaupalika@gmail.com

लुम्बिनी प्रदेश,नेपाल


पत्र संख्या २०८३/०८४

मिति: २०८३/०४/०४

## सूचना ! सूचना !! सूचना !!!

**भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले निवेदन दिने सम्बन्धी ३५ दिने सूचना**

प्रस्तुत विषयमा श्री भूमि व्यवस्था सहकारी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय भूमि समस्या समाधन समिति ताहाचल , काठमाडौंको मिति २०८३/०४/०४ गते प्रकासित सार्वजनिक सूचना बमोजिम यस डुडुवा गाउँपालिका अन्तर्गत रहेको भूमिहीन दलित / भूमिहीन सुकुम्बासी र अव्यवस्थित बासोबासी सम्बन्धी लगत संकलन फारमका लागि तपसिल बमोजिमका कागजात तथा प्रमाण – पत्रको प्रतिलिपी आवश्यक पर्ने भएकोले उक्त कागजातहरु लिई तपसिलमा तोकिएको स्थानमा फारम भर्नका लागि सम्बन्धित सरोकारवालाहरुको लागि यो सूचना प्रकासित गरीएको छ ।

१ एकघर सगोल परिवार भित्र बस्ने प्रत्येक सदस्यहरुको नेपाली नागरिकता प्रमाण-पत्र/ जन्मदर्ता अन्य परिचय खुल्ने प्रमाण-पत्रको प्रतिलिपी अनिवार्य पेश गर्नु पर्ने ।
२ महिला सदस्यको हकमा विवाह दर्ता प्रमाण-पत्रको प्रतिलिपी अनिवार्य पेश गर्नु पर्ने ।
३ प्रति ऐलानी जग्गाको भोगचलन तथा कर तिरेको कागजात रसिद भए पेश गर्नु पर्ने ।
४ विद्युत महसुल तिरेको बिल भएमा पेश गर्नु पर्ने ।
५ कुनै पनि सम्बन्धितहरुमा फारम भर्दा पति वा पत्नि तथा बाबु आमाको मृत्यु भएको खण्डमा मृत्यु दर्ता पेश गर्नु पर्ने ।
६ निवेदकको पति पत्निको एक एक प्रति पासपोर्ट साईजको फोटो अनिवार्य पेश गर्नु पर्ने ।
७ फारम भर्दा सम्बन्धित व्यक्ति स्वयंम उपस्थित हुनुपर्ने ।
८ कुनै पनि तिनपुस्ते भित्र जग्गाधनी दर्ता प्रमाण पुर्जा भएको खण्डमा सो प्रमाण पत्रको प्रतिलिपी पेश गर्नुपर्ने ।
९ निवेदकले सम्पर्क मोवाइल नम्बर अनिवार्य पेश गर्नु पर्ने ।
१० एकाघर सगोल परिवारको कुनै एक सदस्यले मात्र फारम भर्ना पाउने छ ।

**तपसिल**

| वडा नं. | फारम संकलन गर्ने स्थान | वडा नं. | फारम संकलन गर्ने स्थान |
|---|---|---|---|
| १ | डुडुवा गाउँपालिका १ नं वडा कार्यालयमा | ४ | पुरानो गाउँपालिकाको भवनमा । |
| २ | डुडुवा गाउँपालिका २ नं वडा कार्यालयमा | ५ | डुडुवा गाउँपालिका ५ नं वडा कार्यालयमा |
| ३ | डुडुवा गाउँपालिका ३ नं वडा कार्यालयमा | ६ | श्री सरस्वती मा.वि. भंघोटनामा । |

"विकास, समृद्धि र सुशासन:डुडुवागाउँपालिकाको अभियान"

०४/०४

नि. प्रमुख प्रशासकीय
अधिकृत

CamScanner